कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२६२ बारा, २०८३ मंसिर ११ गते शुक्रबार / तृतीया / नेपाल संवत् ११४७ / Friday, November 27 2026 / पृष्ठ ४ /मूल्य रू. ५/- पाँच

बाराबाट ब्राउन सुगरसहित दुईजना पक्राउ



कलैया,१० मंसिर/बाराको बिश्रामपुरबाट प्रहरीले लागूऔषध खैरो हेरोइन (ब्राउन सुगर) सहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका(८ गहवाका ३१ वर्षीय विनय महतो र वीरगञ्ज(७ रामटोलका ३० वर्षीय सहजाद शेख रहेका छन् ।

भारतबाट ना२७प ५२३६ नम्बरको मोटरसाइकलमा नेपाल प्रवेश गरेका उनीहरुलाई बिश्रामपुर गाउँपालिका(४ बलिरामपुर चेकपोष्टमा रोकेर जाँच गर्दा ४.३० ग्राम ब्राउन सुगर फेला परेको प्रहरीको भनाइ छ । मोटरसाइकल चालक महतोको साथबाट लागूऔषध फेला परेपछि प्रहरीले शेखलाई समेत नियन्त्रणमा लिएको बाराका प्रहरी प्रवक्ता मिनबहादुर घलेले जानकारी दिनुभएको छ ।

लागूऔषध नियन्त्रण व्यूरो शाखा कार्यालय वीरगञ्ज र प्रहरी चौकी मुसहर्वाबाट खटिएको संयुक्त टोलीले उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ परेका दुवैलाई इलाका प्रहरी कार्यालय प्रसौनीमा राखिएको छ ।

रास्वपा नगर सचिवकी आमाको अन्त्येष्टिमा सशस्त्र प्रहरीले सलामी दिएपछि चौतर्फी आलोचना



कोल्हबी, १० मंसिर/बारा क्षेत्र नम्बर(१ का राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेता मनोजप्रसाद चौधरीकी आमाको अन्त्येष्टिमा सशस्त्र प्रहरीले शोक सलामी दिएको घटनाले विवाद उत्पन्न भएको छ । नियम र परम्परा विपरित सलामी दिइएको विषयमा सशस्त्रले छानविन सुरु गरेको छ ।

रास्वपाका कोल्हवी नगर सचिव रहेका चौधरी पूर्वसशस्त्र प्रहरीसमेत हुन् । उनकी आमाको अन्त्येष्टिमा सहभागी भएर सशस्त्र प्रहरीको एक टोलीले सलामी दिएको थियो । अन्त्येष्टिमा रास्वपाको टोलीसहित बारा क्षेत्र नम्बर(१ का प्रतिनिधिसभा सदस्य गणेश धिमालको समेत उपस्थिति रहेको थियो ।

सामाजिक सञ्जालमा उक्त घटनाका तस्बिर तथा विवरण सार्वजनिक भएपछि पूर्वसशस्त्र प्रहरी कर्मचारीका परिवारलाई यसरी शोक सलामी दिन मिल्ने कि नमिल्ने भन्ने प्रश्न उठेको हो ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर(१२ गण बाराका एसपी विशाल सिलवालका अनुसार चौधरी सशस्त्र प्रहरीको बहालवाला कर्मचारी रहेको जानकारीका आधारमा सलामीका लागि टोली पठाइएको थियो । तर पछि बुझ्दै जाँदा उनी भूतपूर्व भइसकेको पाइयो ।

सङ्गठनमा कार्यरत कर्मचारीका आफन्तको निधन हुँदा शोक सलामी दिने चलन रहे पनि भूतपूर्व कर्मचारीका आफन्तलाई भने यसरी सलामी दिन नमिल्ने उनले बताए । यस घटनामा त्रुटि भएको स्वीकार गर्दै कसको आदेशमा टोली गएको हो भन्नेबारे छानविन भइरहेको जानकारी दिनुभयो

चौधरीकी आमाको नाम सरली थरुनीको अन्त्येष्टिमा सशस्त्र प्रहरीका ११ जना कर्मचारी सलामी दिन गएका थिए ।

उता, चौधरीले सामाजिक सञ्जालमा लेख्नुभएको छ, 'म सरकारको कुनै पनि सार्वजनिक पदमा छैन । पहिला म पूर्वसशस्त्र प्रहरी हुँ । हाम्रा पुजनीय बुवाआमाको देहान्त भएपछि मैले काम गरेको संगठनले दिने आदर्श सम्मान शोक सलामी हो । यस्तो दु:खको घडीमा टीकाटिप्पणी नगरिदिनुहोला ।'

उहाँले देशमा सङ्कट वा आपत्कालीन अवस्था आए सरकारले पूर्वसशस्त्र प्रहरी कर्मचारीलाई समेत सेवामा फर्काउन सक्ने भन्दै आफूले संगठनबाट पाउने सम्मान लिएको तर्क गर्नुभएको छ । तर रास्वपाको प्रभाव प्रयोग गरी शोक सलामी लिइएको भन्दै सामाजिक सञ्जालमा आलोचना भइरहेको छ ।

निजगढ विमानस्थल देशको 'लाइफलाइन' हो, जसरी पनि निर्माण हुन्छ : मन्त्री पौडेल



सिमरा, १० मंसिर/संस्कृति, पर्यटन तथा नागरिक उययनमन्त्री खडकराज पौडेल (गनेस) ले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल मुलुककै 'लाइफलाइन' भएकाले यसको निर्माण कार्य जसरी पनि अघि बढाइने बताउनुभएको छ ।

सिमरामा बिहीबार आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री पौडेलले स्थानीय प्रभावित बासिन्दालाई अन्यायमा नपर्ने गरी उचित व्यवस्थापन र पुनर्स्थापनासहित विमानस्थल निर्माण गरिने बताउनुभयो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल यो भन्दा बढी क्षमतामा संचालन हुन सक्ने अवस्था नरहेको र पोखरा तथा भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका आ(आफ्नै सीमितता रहेकाले निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको विकल्प नरहेको उहाँको भनाइ थियो । सरकारले राखेको पर्यटन विकासको लक्ष्य पूरा गर्न निजगढ विमानस्थल मुटु र केन्द्रविन्दुका रूपमा रहने बताउँदै उहाँले यसको निर्माणका लागि आफूले समेत पैरवी गर्ने बताउनुभयो ।

मन्त्री पौडेलले निर्माणाधीन काठमाडौं(तराई/मधेस द्रुतमार्ग (फास्ट ट्रयाक) को काम आगामी तीन वर्षभित्र सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो । द्रुतमार्ग सञ्चालनमा आएपछि काठमाडौंबाट मधेस प्रदेशमा आउने मानिसको आवागमनमा वृद्धि हुने बताउँदै उनले त्यसको व्यवस्थापनका लागि तयार रहन आग्रह गर्नुभयो । भविष्यमा बढ्ने यात्रु तथा पर्यटकको चापलाई ध्यानमा राख्दै होटल तथा पर्यटन क्षेत्रमा दह्रो मुटु बनाएर ढुक्कका साथ लगानी गर्न उहाँले निजी क्षेत्रका पर्यटन व्यवसायीहरूलाई आह्वान समेत गर्नुभयो ।

सो क्रममा मन्त्री पौडेलले सिमरा पार्कको समेत स्थलगत अवलोकन गर्नुभएको छ । पार्कको प्राकृतिक सौन्दर्य र सम्भावनाको प्रशंसा गर्दै उहाँले सिमरा पार्कलाई व्यवस्थित 'बटरफ्लाई गार्डेन' (पुतली बगैंचा) तथा जैविक अध्ययन केन्द्रका रूपमा विकास गर्न सकिने धारणा राख्नुभएको थियो ।

मन्त्री पौडेलले बिहीबार जीतपुरसिमरा(४ औराहस्थित श्रीकृष्ण मन्दिरमा आयोजित श्रीकृष्ण प्रणामी धर्म अन्तर्राष्ट्रिय महोत्सवको शुभारम्भ गर्न आउनुभएको हो ।

अभद्र व्यवहार मुद्दामा पक्राउ परेका विविस अध्यक्ष धरौटीमा रिहा



कलैया, १० मंसिर/अभद्र व्यवहार मुद्दामा पक्राउ परेका बाराको महागढीमाई नगरपालिकास्थित श्री भोला राष्ट्रिय माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष जयकिशुन प्रसाद यादव २ हजार ५०० रुपैयाँ धरौटीमा रिहा भएका छन् ।

महागढीमाई नगरपालिका(३ निवासी ३८ वर्षीय यादवलाई प्रहरीले गत मंसिर ८ गते मंगलबार पक्राउ गरेको थियो । गन्जभवानीपुरमा कौडा खेलाउने क्रममा प्रहरी चौकी गन्जभवानीपुरका इन्चार्ज प्रहरी नायब निरीक्षक बहादुर यादवसँग विवाद गरेको आरोपमा उनलाई नियन्त्रणमा लिइएको थियो ।

पक्राउ परेपछि यादवविरुद्ध अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गरी जिल्ला प्रशासन कार्यालय बाराबाट सात दिनको म्याद थप गरेर अनुसन्धान अघि बढाइएको थियो । जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक मीनबहादुर घलेका अनुसार बिहीबार जिल्ला प्रशासन कार्यालय बाराले यादवलाई २ हजार ५०० रुपैयाँ धरौटीमा रिहा गर्ने आदेश दिएको हो ।

कोल्हवी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश श्रेष्ठ सरुवा

कोल्हवी, १० मंसिर/बाराको कोल्हवी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश श्रेष्ठको सरुवा भएको छ । श्रेष्ठलाई अर्थ मन्त्रालय, काठमाडौं अन्तर्गत सरुवा गरिएको हो ।

उहाँको स्थानमा भन्सार विभाग, काठमाडौंमा कार्यरत मातृका आचार्य आउनुहुने भएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नौ प्रमुख प्रशासकीय अधिकृतसहित ६५ कर्मचारीको सरुवा तथा कामकाजको जिम्मेवारी हेरफेर गरेको छ ।



मन्त्रालयको मंसिर ८ र ९ गतेको निर्णयअनुसार राजपत्राङ्कित द्वितीय श्रेणीका ७, तृतीय श्रेणीका २० र राजपत्र अनङ्कित प्रथम श्रेणीका ३८ कर्मचारीको जिम्मेवारी हेरफेर गरिएको हो ।

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

सम्पादकीय.....

राज्यका सुरक्षा अङ्गको मर्यादा र राजनीतिक प्रभावको प्रश्न

सुरक्षा निकायका आफ्नै स्थापित नियम, विधि र परम्परा हुन्छन्, जसले ती सङ्गठनलाई अनुशासित र मर्यादित बनाइराख्छ। हालै बाराको कोल्हवीमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का स्थानीय नेता तथा पूर्वसशस्त्र प्रहरी मनोजप्रसाद चौधरीकी आमाको अन्त्येष्टिमा सशस्त्र प्रहरी बलले दिएको शोक सलामीले राज्यको सुरक्षा संयन्त्रको कार्यशैली र राजनीतिक प्रभावमाथि गम्भीर प्रश्न खडा गरेको छ।

सशस्त्र प्रहरी बलको विद्यमान नियम र प्रचलनअनुसार बहालवाला कर्मचारीका आमाबुवाको निधनमा मात्र सङ्गठनका तर्फबाट शोक सलामी अर्पण गर्ने व्यवस्था छ। भूतपूर्व भइसकेका कर्मचारीका परिवारलाई यस्तो राजकीय वा सङ्गठनात्मक सम्मान दिन मिल्दैन। तर, कोल्हवीस्थित युनिटबाट ११ जना सुरक्षाकर्मीको टोली खटिएर सलामी दिनुले सङ्गठनभित्रको सूचना प्रणाली र आदेशको शृङ्खलामा रहेको कमजोरीलाई छर्लङ्ग पारेको छ। बाराका एसपी विशाल सिलवालले बहालवाला कर्मचारी भन्ने गलत सूचनाका आधारमा टोली पठाइएको स्वीकार गर्नुले सुरक्षा निकायको आन्तरिक प्रमाणीकरण प्रक्रिया कति फितलो छ भन्ने देखाउँछ। सामान्य व्यक्तिको परिचयसमेत यकिन नगरी हतियारसहितको सलामी टोली पठाउनु सामान्य मानवीय त्रुटि मात्र मान्न सकिँदैन।

अर्कोतर्फ, यस घटनामा राजनीतिक पहुँच र प्रभावको गन्धसमेत मिसिएको छ। अन्त्येष्टिमा रास्वपाका सांसद गणेश धिमालसहितको उपस्थिति रहनु र सलामी पाउने व्यक्ति स्वयम् सोही दलको नगर सचिव हुनुले शङ्कालाई थप बल पुऱ्याएको छ। नयाँ राजनीतिक शक्ति र सुशासनको वकालत गर्ने दलका नेताहरूबाटै राज्यका संयन्त्रलाई नियमविपरीत प्रयोग गरिनु विडम्बनापूर्ण छ। चौधरीले पूर्वकर्मचारीको नाताले आदर्श सम्मान पाएको तर्क गरे पनि, कानुन र नियमावलीभन्दा माथि कोही हुन सक्दैन। भावनात्मक तर्कले विधि मिच्ने छुट कसैलाई दिँदैन।

सुरक्षा निकायजस्तो संवेदनशील सङ्गठन कसैको व्यक्तिगत सम्बन्ध वा राजनीतिक दबाबमा परिचालित हुनु लोकतान्त्रिक मूल्यमान्यताविपरीत हो। मधेश प्रदेशका डीआईजी विष्णु भट्टराईले त्रुटि स्वीकार गर्दै छानबिन सुरु गरिएको बताए पनि, यस्ता छानबिन केवल औपचारिकतामा मात्र सीमित हुनुहुँदैन। कसको आदेश र दबाबमा नियमविपरीत सलामी टोली खटाइयो भन्ने सत्यतथ्य बाहिर ल्याई दोषीमाथि कारबाही गरिनुपर्छ। राज्यका सुरक्षा अङ्गको गरिमा जोगाउन र आमनागरिकमा विधिको शासनप्रतिको विश्वास कायम राख्न यस्ता प्रवृत्तिलाई बेलैमा निरुत्साहित गर्नु अनिवार्य छ।

स्वनिर्भर अर्थतन्त्रको जग



नेपालको सार्वजनिक खरिद प्रक्रियामा हरेक वर्ष अर्बौं रुपियाँ आयातित सामग्री, सेवा र प्रविधिका माध्यमबाट विदेसिने गरेको छ। विकासनिर्माणका नाममा बाह्य मुलुकमा निर्भर रहनुपर्ने विडम्बनापूर्ण अवस्थाले मुलुकको परिवर्त्य विदेशी मुद्रा सञ्चितिमा निरन्तर दबाब सिर्जना गरेको छ। आयातित वस्तुले गर्दा हाम्रा आफ्नै मौलिक रैथाने/घरेलु तथा साना उद्योग, स्थानीय सामग्री र स्वदेशी प्रविधि ओझेलमा परेका छन्। नेपालको संविधानमा उल्लिखित समाजवादउन्मुख अर्थतन्त्रको निर्माण गर्ने नीतिगत व्यवस्था, आर्थिक स्वाधीनताका प्रत्याभूति तथा सार्वजनिक खरिद ऐनले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको सार्वजनिक खरिदमा स्वदेशी उत्पादनको प्रयोग र प्रवर्धनसम्बन्धी निर्देशिका, २०८३ वर्तमान सन्दर्भमा एक अत्यन्तै दूरगामी र महत्वपूर्ण नीतिगत कोसेढुङ्गा मान्न सकिन्छ।

निर्देशिका स्वनिर्भर अर्थतन्त्रको बलियो जग बन्न सक्छ। यसले स्थानीय क्षमता, श्रम, प्रविधि, सिप र स्रोतसाधनको सम्मान गर्ने तथा राष्ट्रिय स्वाभिमान उच्च राख्ने एक सुदृढ विकास दर्शनको काम गर्न सक्छ। सरकारी बजेटबाट हुने निर्माण तथा खरिदमा स्वदेशी सामग्रीको प्रयोग बढाएर देशभित्रै उत्पादन, रोजगारी र आर्थिक गतिविधि विस्तार गर्ने दिशामा निर्देशिकाले नवीनतम ठोस आधार स्थापित गरेको छ।

निर्देशिकामा स्वदेशी मालसामान तथा स्थानीय सामग्रीको प्रयोग, योजना, अध्ययन, डिजाइन तथा विस्तृत परियोजना प्रतिवेदनमा स्वदेशी मालसामान, स्थानीय सामग्री तथा स्वदेशी प्रविधिको प्रयोग सुनिश्चित गरेको छ। त्यसै गरी प्राविधिक स्पेसिफिकेसन तथा बोलपत्रसम्बन्धी कागजात तयार गर्दा गर्नुपर्ने पालना, उपयुक्त स्वदेशी विकल्पको उपलब्धता यकिन, विदेशी मालसामान खरिद गर्न सकिने अवस्था पनि सिर्जना गरेको छ। स्वदेशी मालसामान, स्थानीय सामग्री तथा स्वदेशी प्रविधिको प्रयोग सुनिश्चित गर्ने जिम्मेवारी दिइएको छ। स्वदेशी मालसामान तथा स्थानीय सामग्रीको गुणस्तर र प्रयोग सुनिश्चित गर्नुपर्ने, अनुगमन तथा कार्यान्वयनलगायतका विषय समेटिएको छ।

निर्देशिकाले विदेशी प्रविधिको पूर्ण निषेध गर्ने नभई उपयुक्त स्वदेशी विकल्प उपलब्ध हुँदाहुँदै हुने अनावश्यक र महँगो आयात न्यूनीकरण गर्ने लक्ष्य राखेको छ। यद्यपि कुनै आवश्यक सामग्री नेपालमा उत्पादन नहुने वा स्वदेशी विकल्पले प्राविधिक उद्देश्य र सुरक्षा मापदण्ड पूरा गर्न नसक्ने विशिष्ट अवस्थामा विदेशी मालसामान खरिद गर्न सकिने लचिलो र व्यावहारिक व्यवस्थासमेत सुनिश्चित गरिएको छ। वैदिककालदेखि नै हाम्रा पूर्वीय ग्रन्थ, शासन दर्शन र राज्यव्यवस्थाका प्रणेताले स्वदेशी उत्पादन, श्रम र रैथाने सिपको सम्मानमा सर्वोपरि स्थान दिएको पाइन्छ।

स्वदेशी वस्तुको विधि व्यवस्था

राष्ट्रिय अर्थतन्त्रको विकासका लागि आन्तरिक उत्पादन र स्वदेशी लगानीमा उच्च प्राथमिकता दिँदै राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धनमा वैदेशिक पुँजी र प्रविधि आकर्षित गर्ने नीति राज्यले अवलम्बन गर्दै आएको छ। निर्देशिकाले जलस्रोतको बहुउपयोगी विकास र जनसहभागितामा आधारित विकास प्रक्रियाद्वारा स्वदेशी लगानी प्रोत्साहन गर्ने संवैधानिक व्यवस्था अनुरूप आत्मनिर्भर, सबल र उत्पादनमुखी राष्ट्रिय अर्थतन्त्रको विकास तथा प्रवर्धनको मार्गप्रशस्त गरेको छ।

ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत्। तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद्धनम्। यजुर्वेदमा उल्लेख गरिएको छ। प्रकृतिले दिएका साधनको संयमित र स्वनिर्भर उपयोग गर्न यस ऋचाले अभिप्रेरित गर्दछ। रामायण अनुसार स्वदेश र स्वदेशी उत्पादनको सम्मानको भाव व्यक्त गर्दै राज्यका नीति, देशका उत्पादन र जनशक्तिको सम्मानमा केन्द्रित हुनु पर्छ। साथै स्थानीय काठ, ढुङ्गा, स्लेट र स्वदेशी प्रविधिको प्रयोग गरी भवन, नगर र राज्य निर्माण गर्ने परम्परा देखिन्छ। महाभारतमा उद्यम, श्रम र आन्तरिक उत्पादनबिना मुलुक प्रभावशाली र नागरिकका आधारभूत स्वर्थसमेत सिद्ध हुन सक्दैन भनिएको छ। उत्पादन र समृद्धिका लागि स्वदेशी भूमिमा प्राप्त रैथाने ज्ञान, अनुभव, अनुभूति, सिप एवं प्रविधि दक्षतापूर्वक प्रयोग हुनु आवश्यक देखिन्छ। सार्वजनिक निकायले गर्ने दैनिक खरिद, पूर्वाधार निर्माण र परामर्श सेवामा विदेशी वस्तुको साटो स्वदेशी मालसामान, स्थानीय सामग्री र प्रविधिको प्रयोग बढ्यो भने देशभित्रै रोजगारी सिर्जना भएर स्थानीय उद्यमी, व्यवसायी र उत्पादकको मनोबल बढेर कुल गार्हस्थ उत्पादनमा प्रत्यक्ष योगदान पुग्दछ।

श्रीमद्भागवतमा आफ्नै भूमि, स्रोत, जनशक्ति तथा श्रमको प्रयोग गर्नु मनुष्यको श्रेष्ठ धर्म बताइएको छ। आधुनिक विकासको प्रतिस्पर्धामा आफ्नै प्रविधि, स्थानीय स्रोत र घरेलु उत्पादनको उपेक्षा र आयातमुखी परिपाटीले हाम्रा घरेलु उद्योग कमजोर भएका छन्। आचार्य कौटिल्यले राज्यको अर्थतन्त्र सबल र स्वावलम्बी बनाउन आन्तरिक उत्पादन, शिल्प र स्वदेशी प्रविधिको प्रवर्धनमा सर्वोपरि स्थान दिनुपर्नेतर्फ ध्यानाकर्षण गरेका छन्। राज्यको मूल आधार कोष र अर्थतन्त्र हो, सबै प्रकारका धर्म, कर्म र लोककल्याणसम्बन्धी कार्य कोषबाटै सम्भव हुने भएकाले राज्यको स्रोत आफ्नै नागरिकको कल्याण, रोजगारी र स्वदेशी सिप विकासमा प्रयोग हुनु पर्छ भन्ने कौटिल्यको मूल मर्म हो। पृथ्वीनारायण शाहको दिव्योपदेशमा उल्लिखित देशमा बन्ने वस्तु र स्वदेशी सिपलाई उपेक्षा नगरी आफ्नै मुलुकको शिल्पविद्यालाई प्राथमिकता दिनुपर्ने मार्गदर्शन गरिएको छ। आफ्नो मुलुकको शिल्पविद्या नजान्दा विदेशी विद्या सिकेर काम चलाउनु पर्छ तर स्वदेशी क्षमता त्याग्नु हुँदैन।

समष्टिगत सुधार

मुलुकको पूर्वाधार निर्माण, सार्वजनिक भवन, सडक तथा पुलपुलेसामा राज्यको पुँजीगत बजेटको ठुलो हिस्सा खर्च हुने भएकाले सार्वजनिक खरिद कहाँबाट, कसरी र कुन उद्देश्यले गरिन्छ भन्ने प्रश्न राष्ट्रिय अर्थतन्त्रका लागि अत्यन्त संवेदनशील र महत्वपूर्ण हुन्छ। यस निर्देशिकाको सबैभन्दा सबल र वैज्ञानिक पक्ष भनेको स्वदेशी सामग्रीको प्रयोग खरिद प्रक्रियाको अन्त्यमा मात्र होइन, आयोजनाको सम्भाव्यता अध्ययन, डिजाइन, लागत अनुमान, प्राविधिक स्पेसिफिकेसन र विस्तृत परियोजना प्रतिवेदन तयारीको चरणदेखि नै सुनिश्चित गरिएको छ। निर्देशिकामा भवनलगायत अन्य भौतिक संरचनाको निर्माण, फिनिसिङ, सजावट, फर्निचर, विद्युतीय जडान र सेनेटरी जस्ता कार्यमा उपयुक्त स्वदेशी विकल्पलाई प्राथमिकता दिनुपर्ने स्पष्ट व्यवस्था गरिएको छ। यसले गर्दा विदेशी डिजाइन र आयातित सामग्रीमाथिको परनिर्भरता स्वतः टुट्दै जान्छ।

स्वदेशी उद्योगको प्रवर्धन

निर्देशिका अनुसार आयातित बिटुमिनमा आधारित कालोपत्रे सडकको विकल्पमा प्राविधिक रूपमा उपयुक्त देखिए स्वदेशी सिमेन्टबाट बन्ने कङ्क्रिट सडक तथा स्थानीय ढुङ्गाका पेभमेन्ट प्रयोग गर्ने गरी डिजाइन गर्नुपर्ने छ। यो विषय आर्थिक राष्ट्रवाद वा नारामा सीमित नभई जलवायु परिवर्तन र दिगो पूर्वाधार विकाससँग प्रत्यक्ष जोडिएको छ।

वैज्ञानिक अध्ययन अनुसार कालोपत्रे सडकको कालो रङले सूर्यको ताप अधिक मात्रामा सोस्छ र ताप वायुमण्डलमा छोड्दा सहरी क्षेत्रलाई असामान्य तातो बनाउँछ। तुलनात्मक रूपमा कङ्क्रिट सडकले सूर्यको ताप परावर्तन गर्ने हुँदा सतह र वरपरको वातावरण सापेक्षिक रूपमा चिसो रहन्छ। नेपालले प्रत्येक वर्ष १२ अर्ब रुपियाँभन्दा बढी विदेशी मुद्रा खर्चेर अलकत्रा आयात गर्दै आएको छ। यसको विकल्पमा कङ्क्रिट सडकका लागि चाहिने मुख्य कच्चा सामग्री सिमेन्ट स्वदेशमै पर्याप्त उत्पादन हुन्छ। स्वदेशी सिमेन्टको खपत बढाउन सके देशभित्रै रोजगारीका अवसर, उद्योगहरूको क्षमता प्रवर्धन, राजस्व वृद्धि र विदेशी मुद्राको संरक्षणको गतिलो अवसर सिर्जना हुन्छ। नेपालको भूबनोट र अत्यधिक वर्षा हुने क्षेत्रमा टिकाउपनका दृष्टिले पनि कङ्क्रिट सडक उपयुक्त साबित हुन सक्छ। यद्यपि सिमेन्ट उत्पादनमा हुने कार्बन उत्सर्जन, ऊर्जा खपत र खानी व्यवस्थापनलाई भने विज्ञको सल्लाहबमोजिम पर्यावरणमैत्री रूपमा व्यवस्थित गर्नु उत्तिकै आवश्यक छ।

कानुनी प्रबन्ध

निर्देशिकामा कुनै निश्चित विदेशी ब्रान्ड, उत्पादन स्थल वा उत्पत्ति मुलुकलक्षित गरी प्राविधिक स्पेसिफिकेसन तयार गर्न पूर्ण रूपमा बन्देज लगाइएको छ। आवश्यक मालसामान नेपालमा उत्पादन नहुने वा स्वदेशी विकल्पले प्राविधिक उद्देश्य पूरा गर्न नसक्ने यथेष्ट कारण भएमा त्यसको ठोस आधार र कारण खुलाएर मात्र विदेशी मालसामान खरिद गर्न सकिने छ। यसको मूल अभीष्ट विदेशी सामग्री पूर्ण निषेध गर्नु नभई उपयुक्त स्वदेशी विकल्प उपलब्ध हुँदाहुँदै हुने अनावश्यक आयात निरुत्साहित गर्नु हो। यस निर्देशिकाको सफलता कागजी सबालभन्दा पनि नियमित अनुगमन र कार्यान्वयन प्रणालीमा निर्भर गर्दछ। खरिद सम्झौताको कार्यान्वयन, निरीक्षण, गुणस्तर परीक्षण, सामग्री स्वीकृति र भुक्तानीका हरेक चरणमा सम्बन्धित सार्वजनिक निकायले स्वदेशी सामग्रीको वास्तविक प्रयोग भए वा नभएको गम्भीरतापूर्वक परीक्षण गर्नु पर्छ। मालसामानको उत्पादनस्थल, उत्पादकको विवरण, खरिद बिल, आपूर्ति विवरण र गुणस्तर प्रमाणपत्रका आधारमा यकिन गर्ने व्यवस्थाले निर्देशिका नीतिगत घोषणामा मात्र सीमित नराखी व्यवहारमा उतार्न महत्वपूर्ण भूमिका खेल्ने छ।

स्वदेशी मालसामानका नाममा विदेशी सामान आपूर्ति गर्ने, नक्कली ब्रान्ड वा ट्रेडमार्क प्रयोग गर्ने तथा उत्पादनस्थल वा उत्पत्तिसम्बन्धी झुटा विवरण पेस गर्ने कार्यमा कडा प्रतिबन्ध लगाइएको छ। यसविपरीत कार्य भएमा मालसामान अस्वीकार गर्ने, प्रतिस्थापन गराउने, भुक्तानी रोक्का गर्ने, कालो सूचीमा राख्ने तथा कानुनी कारबाहीका लागि सम्बन्धित निकायसमक्ष लेखी पठाउने व्यवस्थाले निर्देशिकालाई उत्तरदायी र प्रभावकारी बनाएको छ। सार्वजनिक खरिद अनुगमन कार्यालयले प्रचलित कानुनबमोजिम अनुगमन गर्न सक्ने प्रावधानले नियमनकारी पक्ष अझ सुदृढ बनाएको छ। सार्वजनिक निकायका प्रमुख, प्राविधिक विज्ञ, निरीक्षक तथा निर्माण व्यवसायीले इमानदारीपूर्वक आफ्नो जिम्मेवारी निर्वाह गरेमा यो निर्देशिका कागजी दस्तावेजको पुलिन्दा मात्र नभई नेपालका घरेलु उद्योग, कलकारखाना र उत्पादन क्षेत्रमा नयाँ प्राण भर्ने सशक्त नीतिगत उपकरण साबित हुने छ।

निर्देशिकाको प्रभावकारी कार्यान्वयनले राज्यको पुँजीगत खर्च देशभित्रै चक्रीय रूपमा अर्थतन्त्र चलायमान बनाउने छ, आन्तरिक रोजगारी सिर्जना गर्ने छ र आयातमा आधारित परनिर्भरता घटाएर राष्ट्रिय आत्मनिर्भरताको दरिलो आधारशिला निर्माण गर्ने छ। स्वदेशी सामग्रीको प्रयोगसँगै गुणस्तर, प्रतिस्पर्धा, पर्यावरणीय जिम्मेवारी तथा सिमेन्ट उत्पादनमा हुने कार्बन उत्सर्जनको कुशल व्यवस्थापनमा विशेष ध्यान दिन सके निर्देशिका मुलुकलाई दिगो र सबल अर्थतन्त्रतर्फ अगाडि बढाउने वास्तविक प्रस्थानविन्दु बन्ने छ।

साभार:गोरखापत्र



भोटेकोशी बाढीको ३ महिना पूरा, बेपत्ताको विवरण अझै यकिन भएन



काठमाण्डौ १० मंसिर/रसुवाको भोटेकोशी नदीमा विनाशकारी बाढी आएको आज तीन महिना पूरा भएको छ । गएको भदौ १० गते भोटेकोशी हुँदै त्रिशूली नदीमा बाढी आउँदा जनधनको अकल्पनीय क्षति भएको थियो

सरकारले उद्धारको काम प्रभावकारी रूपमा गरेको र चाँडै पुनर्स्थापनाको काम गर्ने बता पनि बाढीबाट विस्थापित बनेका हजारौँ नागरिकहरू अहिले पनि पुनर्स्थापनाको प्रतीक्षामा कष्टकर जीवन बिताउन बाध्य छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बाढीमा बेपत्ता भएका ५ हजार २८५ मध्ये अहिलेसम्म ३ हजार ९१५ जनाको मात्र विवरण यकिन भएको छ। यसमा १९ देशका ६२३ जना विदेशी नागरिकसमेत रहेका छन् । अझै १ हजार ३७० जनाको विवरण आउन बाँकी छ ।

बेपत्ताको सङ्ख्या पूर्णरूपमा यकिन नहुँदा पीडित परिवारले कानूनी रूपमा मृत्युदर्ता, राहत र क्षतिपूर्ति पाउन सकेका छैनन् । सरकारले १ हजार १४८ वटा शवलाई पहिचान खुल्ने गरी डीएनए नमूना सङ्कलन गरेर जमिनमुनि व्यवस्थापन गरेकोमा अझै पनि डीएनए मिलानका आधारमा पहिचान गरेको छैन

सरकारले समयमै पुनर्स्थापनाको निर्णय नगरेपछि त्रिशूली बजारका विस्थापितहरूले नेपाल विद्युत् प्राधिकरणको जग्गामा अस्थायी टहरा बनाएका छन । तर त्यसलगत्तै प्राधिकरणले त्यहाँको विद्युत् लाइन काटिदिएपछि उनीहरू अन्धकारमा बस्न बाध्य छन् । झोलुङ्गे पुल र बेलिब्रिज जडान नहुँदा स्थानीयवासीलाई आवतजावतमा समेत सास्ती छ ।

त्यस्तै लगातारको अनिश्चितता र घरबारविहीन हुनुको पीडाले बाढी प्रभावित क्षेत्रका बासिन्दामा मानसिक स्वास्थ्य समस्यासमेत गहिरिँदै गएको छ । त्रिशूली अस्पतालमा मात्रै चिन्ता र निराशासम्बन्धी समस्या लिएर आउने बिरामीको सङ्ख्या उल्लेखनीय रूपमा बढेको छ ।

सरकारले तत्काल स्पष्ट राहत, अस्थायी आवास र मनोसामाजिक परामर्शको व्यवस्था गर्नुपर्ने पीडितहरूको माग छ ।

पूर्व मुख्यसचिव एकनारायण अर्याल पक्राउ



काठमाण्डौ १० मंसिर/प्रहरीले पूर्व मुख्यसचिव एकनारायण अर्याललाई पक्राउ गरेर काठमाण्डौ ल्याएको छ । प्रहरीले अर्याललाई भारतमा पक्राउ गरेर सीमा क्षेत्र पार गरेपछि हवाईमार्गबाट काठमाण्डौ ल्याएको हो ।

गृह मन्त्रालय स्रोतले नेपाल(भारत सीमा क्षेत्रमा पक्राउ गरेको जनाएको छ । तर अर्याल निकटका अनुसार भारतको कोलकतामै पक्राउ गरिएको हो ।

मलेशिया पठाउने श्रमिकलाई ठगी गरेको कसुरमा अर्यालविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले अर्यालविरुद्ध काठमाण्डौ जिल्ला अदालतबाट पक्राउ पुर्जी लिएको हो ।

यो प्रकरणमा यसअघि तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीहरू शेरबहादुर कुँवर र रामेश्वर राय यादव, मन्त्रालयका तत्कालीन सचिव विनोद केसी, तत्कालीन रोजगार व्यवस्थापन महाशाखा प्रमुख एवम् सहसचिव उमेश ढुङ्गाना, राजीव पोखरेल र तत्कालीन कानून अधिकृत एवम् उपसचिव निर्मला गुरुङ पक्राउ परिसकेका छन्। उनीहरूमाथि मलेशिया सरकारसँग भएको सम्झौता विपरीत हुने गरी रकम सङ्कलन गरी ठगेको आरोप छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले उनीहरूविरुद्ध जाहेरी दिएपछि सीआईबीले अनुसन्धान अघि बढाएको हो ।

पत्रकार महासंघले सत्तारूढसहित प्रमुख दलका कार्यालयमा धर्ना दिने

काठमाडौँ, १० मंसिर/नेपाल पत्रकार महासंघले समाचार कक्षमै प्रहरी प्रवेश गरी पत्रकारमाथि गरिएको धरपकडलगायत विषयको विरोधमा विभिन्न दलका कार्यालयमा धर्ना दिने भएको छ ।

महासंघका महासचिव रामप्रसाद दाहालले बिहीबार विज्ञप्ति प्रकाशित गरी दलका कार्यालयमा एक घण्टा धर्ना दिने कार्यक्रम सार्वजनिक गरेका हुन् ।

महासंघले पहिलो चरणका कार्यक्रम सम्पन्न गरेपछि आज (बिहीबार) दोस्रो चरणको आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको हो ।

आन्दोलनका कार्यक्रमअनुसार मंसिर १३ गते 'संकटमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता: 'रास्वपाको सरकारले सुनेन, सत्ताधारी दलले सुनिदेउ' भन्ने नारासहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को कार्यालयमा १ घण्टा धर्ना दिने कार्यक्रम रहेको छ ।

मंसिर १४ गते 'संकटमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता: प्रमुख विपक्षी दल किन मौन?' भन्ने नारासहित प्रमुख विपक्षी दल नेपाली कांग्रेसको कार्यालयमा १ घण्टा धर्ना दिने कार्यक्रम रहेको छ ।

यस्तै, १५ गते 'संकटमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता: विपक्षी दल किन मौन ?' भन्ने नारासहित भन्ने नारासहित एमाले पार्टी कार्यालयमा १ घण्टा धर्ना दिने, मंसिर १६ गते नेकपा पार्टी कार्यालय, १७ गते श्रम संस्कृति पार्टी कार्यालय र १८ गते राप्रपा कार्यालयमा १ घण्टा धर्ना दिने महासंघले जनाएको छ ।

मंसिर २० गते कालो लुगा, कालो पट्टी र कालै माक्स लगाएर काठमाडौंको माइतीघर र काठमाडौं बाहिरको जिल्लाका सदरमुकामहरूमा प्रदर्शन गरिने छ ।

यद्यपी कुनै पनि दलले महासंघको मागप्रति लिखित रुपमा ऐक्यबद्धता जनाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति प्रतिबद्धता जनाए सो दलको कार्यालयमा धर्ना नदिने महासंघले स्पष्ट पारेको छ ।

यसबीच माग सम्बोधन नगरिए तेस्रो चरणको आन्दोलनका कार्यक्रम गर्ने चेतावनीसमेत महासंघले दिएको छ । समाचार कक्षमै प्रहरी प्रवेश गरी पत्रकारमाथि गरिएको धरपकड, प्रेस स्वतन्त्रता नियन्त्रणको मनसाय राखी प्रेस काउन्सिल ऐनसम्बन्धी अध्यादेश जारी गर्ने प्रयास, सञ्चारमाध्यममा अनाधिकृत गाडी तेर्स्याउनेलाई हालसम्म कारबाही नगरिएको, गोरखापत्रलगायत सरकारी सञ्चारमाध्यम तथा निजी सञ्चारमाध्यमबाट पत्रकारलाई जबरजस्ती निष्कासनलगायत, श्रम अधिकारको उल्लंघन, लोककल्याणकारी विज्ञापन बापत पत्रपत्रिकाले प्राप्त गरिरहेको रकम प्रेस काउन्सिल नेपालको सिफारिसबमोजिम नगरेको तथा वर्तमान अवस्थामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणप्रति सरकारले अनुदार व्यवहार देखाएको विरोधमा महासंघ आन्दोलनरत छ ।

आवासको टुङ्गो लगाएपछि मात्र होल्डिङ सेन्टरबाट हटाउन सुकुम्वासीको माग

काठमाण्डौ १० मंसिर/सरकारले काठमाण्डौको बागमती, मनोहरालगायत नदी किनारमा रहेका सुकुम्वासी बस्ती खाली गर्दा विस्थापित भएकाहरूले वैकल्पिक बासस्थान वा स्थायी पुनर्स्थापनाको व्यवस्था गरेपछि मात्र होल्डिङ सेन्टरबाट हटाउन माग गरेका छन् ।

भक्तपुरको बोडे, खरिपाटी र इचङ्गुनारायणमा रहेका होल्डिङ सेन्टर भोलि शुक्रवारसम्म खाली गर्न सूचना टाँस भएपछि त्यहाँ रहेका विस्थापितहरूले सूचना फिर्ता लिन माग गर्दै जिल्ला प्रशासन कार्यालय भक्तपुरमा ज्ञापनपत्र बुझाएका हुन् ।

प्रमुख जिल्ला अधिकारीलाई ६ बुँदे ज्ञापनपत्र बुझाएका उनीहरूले विना विकल्प बाहिरिनुपर्ने बाध्यता सिर्जना गरेको गुनासो गरेका छन् ।

यसअघि नदी किनारका छाप्रो तथा घरटहरा भत्काउँदा भएको क्षतिबाट उम्कन नपाउँदै आश्रयस्थलबाट समेत उठ्नुपर्ने अवस्था आएपछि आफूहरू भन्दै ठूलो विचल्लीमा परेको पीडितहरूको गुनासो छ ।

राज्यले नाममा जग्गा देखिएको भन्दै केही परिवारलाई मात्र वर्गीकरण गर्ने तर अन्य भूमिहीन तथा वास्तविक पीडितहरूको दिगो बसाइँको प्रबन्ध नगर्ने हो भने थप आन्दोलनका कार्यक्रम अघि बढाउने उनीहरूको चेतावनी छ ।

बालेन दिल्लीमा राष्ट्र बोकेर गएनन्, निजी भ्रमणजस्तो भयो : ओली

काठमाडौं १० मंसिर/एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्री बालेन शाहले विगतमा स्टन्टका लागि ग्रेटर नेपालको नक्सा आफ्नो महानगर कार्यकक्षमा टाँसेको, अहिले भारत भ्रमणमा सीमा विवादमा शब्दै उच्चारण नगरेको दाबी गर्नुभएको छ ।

अध्यक्ष ओलीले भ्रमणमा जानुअघि प्रधानमन्त्री बालेनबाट पूर्वप्रधानमन्त्रीहरु, पूर्वपरराष्ट्रमन्त्रीहरु, विभिन्न पार्टी लगायत सरोकारवालाहरुसँग संवाद नभएको, २५ घण्टाका लागि गएर तुरुन्त फर्किने हुँदा त्यसमा राष्ट्रहितका एजेन्डामा गहिरो संवाद हुने अवसर गुमेको टिप्पणी गर्नुभयो ।

'प्रधानमन्त्री जाँदा उहाँसँग सिंगै राष्ट्र जानुपर्ने हो, तर त्यो उहाँको निजी भ्रमणजस्तो हुन पुग्यो,' ओलीले बिहीबार राजधानीमा सम्पादकहरुसँग भन्नुभयो, 'प्रधानमन्त्रीको भ्रमणमा यसपालि केही पनि उपलब्धि भएन । जेजति भए, ती विगतमै भइसकेका विषयका निरन्तरता मात्रै हुन् ।'

तर विगतमा जनकपुरमा दिन्छु भनेको, अनि भूकम्पपछिको पुनर्निर्माणमा दिन्छु भनेको सहायता नै नआएका कारण यसपल्ट पनि आर्थिक तथा विकास सहायता आउँछ भनेर मख्ख नपर्न ओलीले सचेत गराउनुभयो ।

इपिजीका विषयमा सरकारले अनुचित ढंगले अडान छाडेको भन्दै ओलीले कडा आलोचना गर्नुभयो । इपिजी दुई देशका सरकारले लागि सीमा लगायत धेरैवटा विषयमा अगाडि जानका लागि समझदारीपूर्वक गरेको निर्णय भए पनि अहिले त्यसलाई बीचैमा असान्दर्भिक घोषणा गर्न खोजिएको भन्दै उहाँको आपत्ति थियो ।

ओलीले आफू पोहोर भदौमा संवैधानिक ढंगले नभई हुल्लडबाजहरुबाट अपदस्थ गरिएको पनि बताउनुभयो । उहाँले एसपीपीको मस्यौदा तयार पारेर हस्ताक्षर गर्न तयार रहेका बेला आफूले असफल पारिदिएको दावी गर्नुभयो । त्यो कसरी तयार भयो र कसरी रोकियो भन्नेबारे चाहिँ प्रष्ट गर्नुभएन । एसपीपी भनेको अमेरिकाको रक्षा तथा सुरक्षा रणनीतिसम्बन्धी कार्यक्रम हो ।

सम्पादकहरुसँग अनौपचारिक संवाद क्रममा ओलीले आफ्ना कुनै पनि अभिव्यक्ति गोप्य नरहने, आफू त्यसैका कारण नकारात्मक चित्रण गरिने पात्रका रुपमा परिचित रहेको पनि उहाँले बताउनुभयो ।

रास्वपा सभापती रवि र प्रधानमन्त्री बालेनबीच दिनभरि छलफल

काठमाडौं,१० मंसिर/प्रधानमन्त्री बालेन्द्र (बालेन) शाह र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले पाँच घण्टा छलफल गरेका छन् ।

सभापति लामिछानेलाई भेट्न प्रधानमन्त्री शाह उहाँको निवास बूढानीलकण्ठ जानुभएको थियो । सभापति लामिछानेका स्वकीय अविनाश आचार्यका अनुसार सौहार्द रूपमा पाँच घण्टा छलफल भएको थियो ।

छलफलमा प्रधानमन्त्रीको भारत भ्रमण, सरकारका कार्य लगायतमा प्रधानमन्त्री शाहले सभापति लामिछानेलाई जानकारी गराएका थिए । भेटमा संसद् बैठक आह्वान, विधेयक, अध्यादेश लगायतमा पनि छलफल भएको थियो ।

मन्त्री, मन्त्रालय र सरकारका काम कारबाहीबारे कुरा भएको स्वकीय सचिव आचार्यले जानकारी दिनुभयो ।

पार्टीले सुरु गर्न लागेको प्रशिक्षण लगायत विषयमा पनि भेटमा छलफल भएको थियो ।

इजिप्टमा इन्धन बोकेको ट्याङ्कर पल्टिएर आगलागी हुँदा ३१ जनाको ज्यान गयो



काठमाण्डौं,१० मंसिर/इजिप्टमा एक मुख्य चक्रपथ (रिङ रोड) मा पेट्रोलियम पदार्थ बोकेको ट्याङ्कर पल्टिएर आगलागी हुँदा ३१ जनाको ज्यान गएको छ ।

गिजाको अल(वार्राक जिल्लामा रहेको सुरुङमार्गमाथि भएको घटनामा अरू २१ जना घाइते भएका समाचार संस्था रोयटर्सले जनाएको छ ।

यस्तै ट्याङ्कर पल्टिएर त्यसमा रहेको पेट्रोलियम पदार्थ सडकमा पोखिँदा नजिकै रहेका कार र मोटरसाइकलसहित २७ वटा गाडी जलेर नष्ट भएका प्रारम्भिक अनुमान छ ।

यसैबीच अभियोजन कार्यालयले पहिचान खुल्न नसकेका मृतकहरूको सनाखत गर्न शवबाट डीएनए नमूना सङ्कलन गर्न आदेश दिएको खबरमा उल्लेख छ ।

इजिप्टमा तीव्र गति, ट्राफिक नियमहरूको फितलो कार्यान्वयन र सडकको खराब अवस्थाजस्ता कारणहरूले गाडी दुर्घटना हुने गरेका छन् । सरकारी तथ्याङ्क निकायका अनुसार गाडी दुर्घटनामा परेर ज्यान गुमाउने मानिसहरूको सङ्ख्या अघिल्लो वर्षको ५ हजार २६० बाट १०.८ प्रतिशतले बढेर सन् २०२५ मा ५ हजार ८२९ पुगेको छ ।

मधेशसँगको हारसँगै प्रतियोगिताबाट बाहिरियो लुम्बिनी

सुर्खेत, १० मंसिर/१० औं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत महिला क्रिकेटतर्फ लुम्बिनी प्रदेश समूह चरणबाटै बाहिरिएको छ। आफ्नो दोस्रो खेलमा मधेश प्रदेशसँग पराजित हुँदै लुम्बिनी प्रतियोगिताबाट बाहिरिएको हो

बिहीबार वीरेन्द्रनगर क्रिकेट मैदानमा टस जितेर ब्याटिङ रोजेको लुम्बिनीले सात विकेटको क्षतिमा ७९ रन बनायो । लुम्बिनीकी ओपनर ऋतु रावलले ४१ रनको नटआउट पारी खेल्नुभयो । ५६ बलको सामना गरेकी उहाँले पाँच चौका प्रहार गर्नुभयो। यस्तै सिमा थापाले १० रनको योगदान दिनुभयो । आस्मा पुलामीमगरले पाँच, अनिता चौधरी र दीपा कुँवरले समान चार(चार रन बनाउनुभयो । सुस्मिता भुषालले दुई तथा ओपनर श्रुति बुढाथोकी, सरस्वती पुन र मनिषा रानाले एक(एक रन बनाउनुभयो ।

लुम्बिनीलाई सस्तैमा समेट्न मधेश प्रदेशका सुस्मिता यादवले चार विकेट हात पार्नुभयो । चार ओभर बलिङ गर्नुभएको उहाँले २० रन खर्चिनुभयो। यस्तै, रोजी कडारीले दुई विकेट झार्नुभयो । कप्तान पूजा महतोले एक विकेट लिनुभयो । ८० रनको लक्ष्य मधेशले १२.४ ओभरमा पाँच विकेट गुमाएर भेट्टायो । मधेश प्रदेशकी ओपनर एलिषा यादवले ४२ रनको महत्वपूर्ण पारी खेल्नुभयो । ३६ बलको सामना गर्नुभएको उहाँले आठ चौका प्रहार गर्नुभयो । कप्तान पूजा महतोले १५ रन बनाउँदा अनुराधा चौधरीले सात रन बनाउनुभयो। ओपनर साना प्रविनले चार रन र सरस्वती चौधरीले दुई रनको योगदान दिनुभयो । चाँदनी खातुन चार रनमा नटआउट रहनुभयो । लुम्बिनीका सरु तिवारीले तीन, सुस्मिता भुषाल र सरस्वती पुनले एक(एक विकेट हात पार्नुभयो । बलिङमार्फत लुम्बिनीलाई सस्तैमा समेटेकी मधेश प्रदेशकी सुस्मिता यादव प्लेयर अफ द म्याच घोषित हुनुभयो। मधेशसँगको हारसँगै लुम्बिनी प्रदेश प्रतियोगिताबाट बाहिरिएको छ । लुम्बिनी आफ्नो पहिलो खेलमा सशस्त्र प्रहरीको एपिएफ क्लबसँग पराजित भएको थियो।

एउटा व्यक्तिको जग्गा अर्कैका नाममा दर्ता, मालपोत प्रमुखसहित सात जनाविरुद्ध मुद्दा



सर्लाही, १० मंसिर/सर्लाहीमा एक व्यक्तिको नाममा रहेको जग्गा नक्कली कागज खडा गरी अर्कैको नाममा दर्ता गरिएको पाइएको छ ।

सो कार्यमा संलग्न रहेको आरोपमा भूमिसुधार तथा मालपोत कार्यालय, सर्लाहीका तत्कालीन प्रमुख पनिलाल यादवसमेत सात जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

अख्तियारले बिहीबार तत्कालीन प्रमुख यादव, तत्कालीन नायव सुब्बा टुकराम कोइराला र तत्कालीन खरिदार राजेश कुमार, सर्लाहीको ईश्वरपुर नगरपालिका(१५ का तत्कालीन वडा सचिव राम गुलाम राय, वडा नं. १५ का तत्कालीन वडा अध्यक्ष कपिलदेव चौधरी तथा जग्गा प्राप्त गर्ने किशोरी धामी थारू र जग्गा प्राप्त गर्न सिफारिस तथा निवेदन दिने भोसा धामी थारूविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

अख्तियारका अनुसार साविक सोकनाहा गाविस वडा नं २ (ख) अन्तर्गत पर्ने कित्ता नं ६२ क्षेत्रफल ०-११-२ जबि जग्गा मालपोत कार्यालय, सर्लाहीका कर्मचारी तथा भू(माफिया समेतको मिलेमतोमा फर्जी जग्गाधनी पूर्जा बनाई बेचबिखन गरेको भन्नेसमेत बेहोराको उजुरी प्राप्त भएको थियो ।

सो सम्बन्धमा अनुसन्धान हुँदा उक्त जग्गा दर्ता गर्ने प्रयोजनका लागि हुँदै नभएको तथ्य खडा गरी रामदेव बैठा र राजदेव बैठाको हकभोगमा रहेको जग्गालाई कुनै पनि समयमा हकभोग नभएका किशोरी धामी थारू र भोला धामी थारूको नाममा हकभोगमा रहेको भनी कार्यालयमा भए रहेको विवरण सच्याई एउटा व्यक्तिको नाममा हक भोग रहेको जग्गा अर्के व्यक्तिको नाममा कायम गरी स्रेस्ता पूर्जा तयार गरिएको थियो ।

सो कार्यमा संलग्न तत्कालीन कार्यालय प्रमुख यादवसमेतका प्रतिवादीहरूको एक आपसको मिलेमतोमा आफूसमेतलाई गैरकानुनी लाभ र जग्गाधनीलाई प्रत्यक्ष हानिनोक्सानी पुन्याउने बदनियतले भएका तथ्यहरू लुकाई छिपाई हुँदै नभएको जग्गाधनी खडा गरी किशोरी धामी थारूको नाममा दाखिल खारेज गरी गलत व्यक्तिको नाममा दर्ता गरी गलत लिखत तयार गरी सरकारी निकायको कागजात अनाधिकृत हेरफेर थपघट गरे गराएको अख्तियारको दावी छ ।

पर्साको बहुदरमाई मेलामा आगलागी, मेलास्थलमा भागाभाग र त्रास

वीरगञ्ज, १० मंसिर/पर्साको बहुदरमाई नगरपालिका(२ स्थित ध्यानसिंह पिपरामा लागेको ऐतिहासिक बहुदरमाई मेलामा आगलागी भएको छ ।

मेलास्थलमा अचानक आगो लागेपछि मेला भर्न आएका श्रद्धालु तथा सर्वसाधारणमा त्रास फैलिएको छ। आगलागीपछि मेलास्थलमा भागाभागसमेत भएको थियो ।

मंसिर ८ गतेदेखि पाँच दिनसम्म सञ्चालन हुने गरी सुरु भएको मेलामा पर्सा, बारा तथा सीमावर्ती भारतीय क्षेत्रबाट समेत ठूलो सङ्ख्यामा श्रद्धालु तथा सर्वसाधारण सहभागी भइरहेका छन् । आगलागीको कारण, घटनाबाट भएको भौतिक क्षति तथा मानवीय क्षतिबारे अहिलेसम्म आधिकारिक विवरण प्राप्त भएको छैन । घटनाबारे थप विवरण आउन बाँकी छ ।

सर्लाहीमा आगलागीबाट तीन घर जले



सर्लाही, १० मंसिर/सर्लाहीको बेग्लाबेग्लै तीन स्थानमा भएको आगलागीबाट तीन वटा घर जलेका छन् भने लाखौँको धनमाल नष्ट भएको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार चुरेवर्ती क्षेत्रस्थित बागमती नगरपालिका(१, हिरेडाँडामा आगलागी हुँदा स्थानीय रामबहादुर बलको दुई तले घर पूर्णरुपमा जलेर नष्ट भएको छ । घरका मानिस काम गर्न गएका बेला आगलागी भइ बलको घर जलेर नष्ट भएको हो ।

आगलागीमा परेर घरसहित घरभित्र रहेका सरसामग्री जल्दा तीन लाख २० हजार रुपियाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ । यस्तै हरिवन नगरपालिका(१०, सुखेपोखरीमा आगलागीबाट ओम मैनालीको घर र घरभित्र रहेका सरसामग्री जलेर नष्ट हुँदा नौ लाख ४० हजार रुपियाँ बराबरको क्षति भएको छ ।

सुरक्षाकर्मी, गाउँले र बरहथवा नगरपालिकाबाट आएको दमकलको सहयोगमा लामो प्रयासपछि आगलागी नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । यसैगरी सीमावर्ती पर्सा गाउँपालिका(३, नारायणपुरमा आगलागीबाट स्थानीय कौशल यादवको घरमा क्षति पुगेको छ ।

आगलागीबाट यादवको घरमा ईश्वरपुर नगरपालिका(३, भक्तिपुरका नवलकिशोर चौधरीले सञ्चालन गरेको कवाड पसल जल्दा १२ लाख ३८ हजार रुपियाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ । तीनै स्थानमा भएको आगलागीको कारण प्रष्ट नभएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी वेदप्रसाद गौतमले जानकारी दिनुभयो ।

राजनीतिक दलका शीर्ष नेतासँगको संवादपछि सरकार विस्तार : मुख्यमन्त्री यादव



जनकपुरधाम, १० मंसिर/मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले विभिन्न राजनीतिक दलका शीर्ष नेतासँगको संवादपश्चात् सरकार विस्तार गर्ने बताउनुभएको छ ।

मुख्यमन्त्री यादवले आज कुराकानी गर्दै काठमाडौँमा गएर विभिन्न राजनीतिक दलका केन्द्रीय अध्यक्षसहितका शीर्ष तहका नेतासँग संवाद गरेपछि सरकार विस्तार गर्ने योजना बनाएको बताउनुभयो ।

"केही दिनभित्रै काठमाडौँ जान्छु", मुख्यमन्त्री यादवले भन्नुभयो, "काठमाडौँमा कांग्रेस, एमाले र नेकपालगायतका दलका शीर्ष नेतालाई भेटेर छलफल गर्छु, अनि सरकार विस्तार गर्छु ।"

मधेस प्रदेशमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै दललाई सहभागी गराई सर्वदलीय सरकार बनाउने आफ्नो चाहना रहेको मुख्यमन्त्री यादवले बताउनुभयो । यही मङ्सिर ५ गते मधेस प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णले प्रदेशसभाको सबैभन्दा ठूलो जनता समाजवादी पार्टी नेपालका संसदीय दलका नेताको हैसियतमा यादवलाई मुख्यमन्त्री नियुक्त गरेका थिए ।

चोरी गर्ने एक युवक पक्राउ

वीरगञ्ज, १० मंसिर/पर्सा प्रहरीले चोरी घटनामा संलग्न एक युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका ७ रामटोलका अन्दाजी २० वर्षीय सुनिल मलीक रहेका छन् ।

वीरगञ्ज महानगरपालिका ६ हनुमान टोलस्थित निधि जनरल स्टोरमा भएको चोरी घटनामा संलग्न रहेको आरोपमा प्रहरीले मलीकलाई पक्राउ गरेको हो ।

प्रहरीका अनुसार बुधवार राति करिब १० बजे चोरी भएको सूचना प्राप्त हुनासाथ खटिएको प्रहरी टोलीले अनुसन्धान अघि बढाएको थियो । अनुसन्धानका क्रममा मलीकको संलग्नता खुलेपछि उनको घरमा खानतलासी गर्दा चोरी गरिएका सामान फेला परेको पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो ।

प्रहरीले मलीकको साथबाट चाँदीको सिक्का २५ थान, तामाको कचौरा एक थान र रु. पाँच सय दरका दुई थान नेपाली नोट बरामद गरेको जनाएको छ। पक्राउ परेका मलीकलाई नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

कोशी प्रदेश प्रमुखको जिम्मेवारी मधेश प्रदेश प्रमुखलाई

काठमाण्डौ १० मंसिर/राष्ट्रपति रामचन्द्र पौडेलले कोशी प्रदेशको प्रदेश प्रमुख पदमा अर्को नियुक्ति नभएसम्मका लागि मधेश प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णलाई कार्यभार तोक्नुभएको छ ।

मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपति पौडेलले मधेश प्रदेश प्रमुख कर्णलाई कोशी प्रदेश प्रमुखको कार्यभारसमेत सम्हाल्ने गरी जिम्मेवारी तोक्नुभएको राष्ट्रपति कार्यालयका प्रवक्ता श्यामप्रसाद भण्डारीले निकाल्नुभएको विज्ञप्तिमा उल्लेख छ ।

यसअघि कोशी प्रदेश प्रमुख रहनुभएका पर्शुराम खापुङ पाँच वर्षे कार्यकाल पूरा गरेपछि गएको कात्तिक २३ गते पदबाट बिदा हुनुभएको थियो ।

फेटा गाउँपालिकाको कार्यालय, बाराद्वारा जारी

-पर्यटकिय स्थलको सरक्षण र प्रचार नै नगरपालिकाको विकास ।
-प्राकृतिक स्रोतको दिगो व्यवस्थापन गरी भावि पुस्तालाई सुम्पनु हाम्रो परम कर्तव्य हो ।
-गरिबि तथा बाताबरणीय कृषि विकास-दिगो विकासको आधार ।
-समयमा कर तिरौं, नगरको विकासमा सहभागी बनौं ।
-बाताबरण हामी सबैको साझा सम्पती हो ।
-समयमा नै जन्मदर्ता बिबाह दर्ता गराऔं ।
-जथाभाबि फोहर नफालौं र आफ्ना क्षेत्र सफा राख्नमा सहयोग गरौ ।
-लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैंगिक हिंसा मुक्त गरौं ।
-सावधान, बोक्सीको नाममा यातना दिनबाट रोकौं, थाहा पाउने बित्तिकै प्रहरीलाई खबर गरौं
-दिसा गरेपछि, बच्चाको दिसा धोएपछि, फोहर वस्तु छोएपछि, खाना पकाउनु अघि, खाना खानु र खुवाउनु अघी सबैले सधै साबुन पानीले मिचि मिचि हात धुने बानी बसालौं ।

विज्ञापन कारोबार गर्दा ध्यान दिनुपर्ने कुराहरू:

- विज्ञापन एजेन्सी र सञ्चार माध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं,
- सञ्चार माध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं,
- सरकारी निकायले विज्ञापनको रकम भुक्तानी गर्दा तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं,
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए, विज्ञापन बोर्डमा सम्पर्क गरौं ।

विज्ञापन व्यवसायलाई मर्यादित तथा पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक:के.एस.मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा-सम्पादक:-कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक:-गोकुल घोरसाइने, सम्पादक :पुजन चौधरी, कार्यकारी सम्पादक :कृष्णउदास खनाल, व्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय:-निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:-kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक:-के. एस. मल्टिप्रपोज प्रा .लि. बीरगञ्ज ,पर्सा ०५१-५९१८७३